# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजानिक गरिएको विवरण

## आर्थिक वर्ष २०८०/८१ को माघदेखि-चैत्रसम्म सम्पादित क्रियाकलापको विवरण

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

पोखरा

*प्रकाशन मिति २०८१/०१/०७*

## विषयसूची


१. मन्त्रालयको स्वरुप र प्रकृति ........ १
२. मन्त्रालयको काम, कर्तव्य र अधिकार ........ २
३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण ........ ३
४. मन्त्रालयबाट प्रदान गरिने सेवा ........ ४
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी ........ ५
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः ........ ६
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........ ६
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ६
९. आर्थिक वर्ष २०७९/०८० मा सम्पादन भएका कामको विवरण ........ ६
१०. आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका कामको विवरण ........ ७
११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद ........ ८
१२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ ८
१३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ ९
१३.१ प्रदेशको स्रोतको अवस्था ........ ९
१३.२ बार्षिक बजेट र खर्च विवरण ........ १४
१४. तोकिए बमोजिमका अन्य विवरण ........ १४
१५. सार्वजनिक निकायको वेभसाइट ........ १४
१६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवाली ........ १४
१७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन ........ १५
१८. मन्त्रालयले गरेको प्रकाशनको विवरण ........ १५

## १. मन्त्रालयको स्वरुप र प्रकृति

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, स्रोतको बाँडफाँट, वित्तीय तथा विकास नीति, वार्षिक विकास कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा लैजाने, आयोजना तथा कार्यक्रमको अनुगमन एवं मूल्याङ्कनबाट विनियोजन दक्षता र आयोजना कार्यान्वयन कुशलता प्रवर्द्धनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान र ऋणको विनियोजनलाई समुचित संयोजन गर्नु मन्त्रालयको महत्वपूर्ण कार्य जिम्मेबारी रही आएको छ। साविकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको व्यवस्था रहि आएकोमा प्रदेश नीति तथा योजना आयोगको स्थापनासगै प्रदेश मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णय बमोजिम मन्त्रालयको नाम परिवर्तन भई अर्थ मन्त्रालय रहेकोमा मिति २०७९/०९/२७ को निर्णयानुसार आर्थिक मामिला मन्त्रलाय भएको हो । आगामी दिनमा मन्त्रालयले सार्वजनिक वित्तको पारदर्शी परिचालन, प्रदेशको वित्तीय ब्यवस्थामा सन्तुलन, आर्थिक विकास, अन्तरसरकारी वित्त हस्तान्तरण, स्रोतको न्यायोचित एवं सन्तुलित वितरणमा थप प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

**क) दृष्टिकोण:**

प्रदेशको सवल र समुन्नत अर्थतन्त्र निर्माण ।

**ख) लक्ष्य :**

आन्तरिक राजस्व परिचालनबाटै सार्वजनिक खर्चको परिपूर्ति गरी वित्तीय संघीयतालाई मजबुत बनाउने।

ग) **उद्देश्य**:

उपलब्ध स्रोत साधनको दक्षतापूर्ण विनियोजन र कुशल परिचालनबाट न्यायोचित वितरण सहितको आर्थिक बृद्धि गर्नु ।

**घ) रणनीति :**

१. राजस्वका स्रोतहरूको पहिचान एवं कराधार विस्तार गरी यसको अधिकतम परिचालन गर्ने,
२. आर्थिक उपलब्धीको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुर्‍याउने,
३. लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्दै रोजगारीका अवसर सिर्जना गर्ने,
४. उपलब्ध स्रोत साधन वितरणमा सामाजिक न्याय कायम गर्ने एवं अन्तर-स्थानीय तहका बीचमा सन्तुलन हुने गरी लगानी र पुनर्वितरण गर्ने,
५. आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा सार्वजनिक खर्चको मितव्ययी र दक्षतापूर्ण उपयोग गर्ने।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ (संशोधन सहित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी देहायानुसार रहेका छन्ः

१. प्रदेश आर्थिक अवस्थाको विश्लेषण तथा नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
२. प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. प्रदेशस्तरको वित्त सन्तुलन सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
६. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
७. संघीय नीति अनुरूप सहवित्तीयकरण,
८. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
९. प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
१०. प्रदेश सञ्चितकोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
११. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च, प्रदेशको उधारो खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
१२. प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
१३. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
१४. प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,
१५. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,
१६. संघीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,
१७. प्रदेशको कर प्रणालीको राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
१८. संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
१९. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
२०. प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
२१. आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र सो सम्बन्धी अन्य कार्य।
२२. दिगो विकास लक्ष्य अनुसार बजेट कोडिङ्ग, लैङ्गिक बजेट कोडिङ्ग र जलवायु बजेट कोडिङ्ग

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

### ३.१. मन्त्रालयको दरबन्दी र पदपूर्ति विवरण

| क.स. | पद | सेवा | समूह | श्रेणी /तह | दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | नेपाल प्रशासन | | रा.प.प्रथम /एघारौं | १ | १ | - | |
| २ | उप-सचिव | नेपाल प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | १ | ० | |
| ३ | उप-सचिव | नेपाल प्रशासन | राजस्व | नवौं/दशौं | २ | १ | १ | |
| ४ | शाखा अधिकृत | नेपाल प्रशासन | सा.प्र. | सातौं/आठौं | ६ | २ | ४ | |
| ५ | शाखा अधिकृत | नेपाल प्रशासन | राजस्व | सातौं/आठौं | २ | १ | १ | |
| ६ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | १ | ० | १ | लेखा अधिकृत छैठौं १ जना कार्यरत |
| ७ | कानून अधिकृत | नेपाल न्याय | कानून | सातौं/आठौं | १ | १ | - | |
| ८ | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा.त. | | सातौं/आठौं | १ | ० | १ | |
| ९ | कम्प्यूटर इन्जिनियर | नेपाल इन्जिनियरिङ | | सातौं/आठौं | १ | ० | १ | |
| १० | अर्थशास्त्री | नेपाल विविध | | सातौं/आठौं | १ | ० | १ | |
| ११ | सहायक/अधिकृत | नेपाल प्रशासन | सा.प्र. | पाँचौं / छैटौं | ४ | 4 | 0 | |
| १२ | सहायक/अधिकृत | नेपाल प्रशासन | राजस्व | पाँचौं / छैटौं | २ | १ | १ | |
| १३ | कम्प्यूटर अधिकृत/अपरेटर | नेपाल विविध | | पाँचौं / छैटौं | २ | १ | १ | |
| १४ | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | चौथो | १ | ० | १ | |
| १५ | सहायक | नेपाल प्रशासन | सा प्र | चौथो/पाँचौ | १ | 0 | 1 | |
| १६ | ह.स.चा. | नेपाल प्रशासन | | विहीन | ५ | ४ | १ | |
| १७ | का.स./स्वीपर/माली | नेपाल प्रशासन | | विहीन | ५ | ५ | - | |
| **जम्मा** | | | | | **३७** | **२३** | **१५** | |

### ३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयको दरबन्दी र पदपूर्ति विवरणः

| क.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक | नेपाल प्रशासन | लेखा | नवौं/दशौं | १ | १ | – | संघबाट काजमा |
| २ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | सातौं/आठौं | ४ | ३ | १ | |

| क.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३ | लेखापाल | नेपाल प्रशासन | लेखा | पाँचौं/छैठौं | ४ | ४ | - | |
| ४ | कम्प्युटर अपरेटर/ अधिकृत | नेपाल विविध | विविध | पाचौं/छैठौं | १ | १ | - | |
| ५ | सहायक लेखा | नेपाल प्रशासन | लेखा | चौंथो | ४ | ० | ४ | |
| ६ | ह.स.चा. | | | तह बिहीन | २ | २ | - | |
| ७ | कार्यालय सहयोगी | | | तह बिहीन | ४ | ४ | - | |
| | | | | **जम्मा** | २० | १५ | ५ | |

नोटः प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत १० वटै जिल्लामा प्रदेश लेखा इकाई कार्यालय रहेका छन्। लेखा ईकाईको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको जिल्ला (कास्की)मा प्रदेश लेखा नियन्त्रक कार्यालयले र अन्य जिल्लाको हकमा लेखा इकाईको कार्य हाल कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीबाट नै सम्पादन हुँदै आएको छ।

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार मन्त्रालयमा निम्न महाशाखा र शाखाहरु रहेको छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | • प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन<br>• राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग<br>• प्रदेश सार्वजनिक खर्च, मध्यमकालीन खर्च संरचना र खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | **प्रशासन तथा अनुगमन मुल्याङ्कन महाशाखा** | • सामान्य प्रशासन<br>• मन्त्रालयको आर्थिक प्रशासन<br>• प्रादेशिक योजना तथा अनुगमन<br>• माताहतका कार्यालयको अनुगमन मुल्यांकन गर्ने,<br>• प्रदेशका महत्वपुर्ण आयोजनाको अनुगमन र मुल्यांकन गर्ने |

| क्र.सं. | महाशाखा | प्रदान गरिने सेवा |
|---|---|---|
| ३. | **वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा** | • प्रदेश स्तरको स्रोतको बाडँफाँट, लगानी, प्रक्षेपण र वित्तीय व्यवस्थापन,<br>• प्रदेशस्तरको वित्त सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,<br>• प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,<br>• आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन<br>• राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन<br>• प्रदेशको विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र आन्तरिक लेखापरीक्षण,<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति, कानून तर्जुमा, कार्यान्वयन, नियमन,<br>• आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड र कार्य।<br>• प्रदेशको तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी

| क्र.सं | महाशाखा /शाखा | कर्मचारीको नाम | पद | कै. |
|---|---|---|---|---|
| १. | **बजेट तथा कार्यक्रम महाशाखा** | राजेन्द्र बन्धु अर्याल | उपसचिव | |
| क. | बजेट तथा कार्यक्रम शाखा(क) | ज्ञान प्रसाद भुसाल | अधिकृत (सातौं) | |
| | | गोविन्द प्रसाद रिजाल | क.अ.(छैटौं) | |
| | | देवेन्द्र पाण्डेय | शाखा अधिकृत | |

| क्र.सं | महाशाखा /शाखा | कर्मचारीको नाम | पद | कै. |
|---|---|---|---|---|
| ख | बजेट तथा कार्यक्रम शाखा(ख) | गोविन्द प्रसाद रिजाल | क.अ.(छैटौ) | |
| २. | **प्रशासन तथा योजना महाशाखा** | श्री प्रसाद अधिकारी | उपसचिव | |
| क | माननीय मन्त्रीज्यूको निजी सचिवालय | देवेन्द्र पाण्डेय | शाखा अधिकृत | |
| ख | सचिवज्यूको निजी सचिवालय | रामचन्द्र पौडेल | सहायक (पाँचौं) | |
| ग | प्रशासन तथा योजना शाखा | कल्पना देवी सापकोटा | अधिकृत(आठौं) | |
| | | दधिराज सुबेदी | अधिकृत (छैटौं) | |
| | | वसन्तराज ढकाल | अधिकृत(छैटौं) | |
| | | सरस्वती सुवेदी | सहायक (पाँचौं) | |
| घ | आर्थिक प्रशासन शाखा | गिरिधारी उपाध्याय | अधिकृत (छैटौं) | |
| ङ | | इन्द्र कुमारी जि.सी. | सहायक (पाचौं) | |
| च | कानुन तथा फैसला कार्यान्वयन शाखा | तेजेन्द्र प्रसाद ढकाल | कानुन अधिकृत | |
| ३. | **वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा** | राजेन्द्र बन्धु अर्याल | उपसचिव | |
| क | राजस्व व्यवस्थापन शाखा | कल्पना देवी सापकोटा | अधिकृत (आठौं) | |
| ख | अन्तर सरकारी वित्त हस्तान्तरण शाखा | बसन्तराज ढकाल | अधिकृत (छैटौं)) | |
| ग | आर्थिक विश्लेषण शाखा | | | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस मन्त्रालयबाट प्रवाह गरिने सबै सेवा नि:शुल्क रुपमा गरिनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

सम्बन्धित शाखा र महाशाखाबाट निर्णयका लागि विषय उठान भइसकेपछि अधिकार प्रत्यायोजनको सीमासम्म सचिवबाट र अधिकार प्रत्यायोजन नभएको विषयमा मन्त्रीस्तरबाट निर्णय गरिने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश अर्थ सचिव बलराम रिज्याल

## ९. आर्थिक वर्ष २०७९/०८० मा सम्पादन भएका कामको विवरण

क) राजस्व परिचालनका सम्भावित क्षेत्रहरुको पहिचान र क्षेत्र विस्तार सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया एवं छलफल

ख) प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरुसँग बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तरक्रिया एवं छलफल कार्यक्रम

ग) बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका,२०८० तर्जुमा र प्रकाशन

घ) खर्चको मापदण्ड २०७९ तर्जुमा

ङ) सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली परिमार्जन

च) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०७७ तेस्रो पटक संसोधन

छ) बजेट तर्जुमा तथा आर्थिक कार्यविधि सम्बन्धी अनुभव आदानप्रदानका लागि सबै प्रदेशमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

ज) राजस्व परामर्श समिति र उपसमिति गठन, छलफल

झ) स्थानीय तहका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतसँग अन्तरसम्बन्ध र वित्तीय हस्तान्तरणका विषयमा अन्तरक्रिया एवं छलफल कार्यक्रम

ञ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नियमावली, २०७९ तर्जुमा

ट) बजेट तर्जुमा तथा कार्यान्वयनसम्बन्धी निर्देशिका, २०८० तर्जुमा र प्रकाशन

ठ) आ.व.२०८०/८१ को बजेटका सिद्धान्त र प्राथमिकता तर्जुमा र प्रकाशन

ड) आ.ब. २०७९/८० को गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण तयारी र प्रकाशन

ढ) आ.व.२०८०/८१ को वार्षिक विकास कार्यक्रम तर्जुमा र प्रकाशन

ण) आ.व.२०८०/८१ बजेट वक्तव्य तर्जुमा र प्रकाशन

त) गण्डकी प्रदेश विनियोजन ऐन २०८० र गण्डकी प्रदेश आर्थिक ऐन, २०८० तर्जुमा र प्रकाशन

थ) बजेट तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया

## १०. आर्थिक वर्ष २०८०/८१ मा सम्पादन भएका कामको विवरण

क) विषयगत मन्त्रालयहरुलाई आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८० सम्प्रेषण गरिएको,

ख) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रकाशन,

ग) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को एकीकृत वित्तीय विवरण प्रकाशन गरिएको,

घ) आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको वार्षिक मुल्याङ्कन कार्यक्रम अन्तर्गत वार्षिक कार्यक्रम सम्पन्न गरिएको,

ङ) अन्तर प्रदेश छलफल र अन्तरक्रियाका लागि भ्रमण कार्यक्रम अन्तर्गत ७ वटै प्रदेशमा अन्तर प्रदेश छलफल र अन्तरक्रिया सम्पन्न,

च) अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी आयोजना, राजश्व संकलन गर्ने कार्यालय र प्रदेशका महत्वपूर्ण आयोजना सम्बन्धमा वालिङ, लम्जुङ्ग, तनहुँ, गोरखा, बाग्लुङ्ग, पर्वत र स्याङ्गजा जिल्लाका आयोजनाहरुको अनुगमन गरिएको,

छ) आन्तरिक लेखा परीक्षण निर्देशिका, २०८० तयार,

ज)मालपोत/भूमिसुधार कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट व्यवस्थापन सम्वन्धी मापदण्ड,२०८० स्वीकृत भई कार्यान्वयनमा आएको,

झ) राजश्व परिचालनका सम्भावित क्षेत्रहरुको पहिचान, क्षेत्र विस्तार एवं सार्वजनिक वित्त र वित्तीय संघीयताका विषयमा वालिङ्ग, बाग्लुङ र गैडाकोट नगरपालिकासँग छलफल अन्तरकृया र अभिमुखीकरण सम्पन्न गरिएको,

ञ) प्रदेश सरकारको आन्तरिक राजश्व संकलन सम्बन्धमा स्थानीय तह, विषयगत मन्त्रालय र निकायसँग कार्ययोजना माग गरी पठाइएको,

ट) राजस्व संकलन गर्ने मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय र पर्यटन तथा उद्योग कार्यालयसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

ठ) अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदानतर्फ तेस्रो किस्ता र सशर्त, विशेष एवम् समपुरक अनुदानतर्फ पहिलो किस्ताको रकम निकासा भएको ।

ड) आगामी आर्थिक वर्ष २०८१/८२ को लागि वित्तीय हस्तान्तरण अन्तर्गत विशेष तथा समपुरक आयोजनाको लागि ८५ वटै स्थानीय तहलाई प्रस्ताव माग गरिएको ।

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुख: बलराम रिज्याल, प्रदेश सचिव

सूचना अधिकारी : कल्पना देवी सापकोटा, राजस्व अधिकृत (आठौं )

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क) कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५

ख) प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

ग) प्रदेश आकस्मिक कोष ऐन, २०७५

घ) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

ङ) विनियोजन ऐन, २०८०

च) आर्थिक ऐन, २०८०

छ) सार्वजनिक खरिदसम्बन्धी प्रदेश नियमावली, २०७६

ज) कर तथा गैरकर राजस्व संकलन सम्बन्धी निर्देशिका, २०७५

झ) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७

ञ) खर्चको मापदण्ड, २०७९

ट) बहुवर्षिय ठेक्का बन्दोबस्ती सम्बन्धी निर्देशिका, २०७५

ठ) बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०

ड) पूर्वाधार विकास कार्यक्रमसम्बन्धी कार्यविधि, २०७९

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### १३.१ प्रदेशको स्रोतको अवस्था

**क) समग्र प्रदेशको स्रोतगत प्राप्ति**

| सि.नं. | शिर्षक | वार्षिक लक्ष्य | चैत्रसम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| * | **प्रदेश सरकारको आन्तरिक राजस्व प्रशासन** | ५,९६९,१८४,००० | ३,१७५,७३०,७९५ | ५३.२० |
| (क) | **प्रदेश सरकारको आन्तरिक राजस्व** | ५,१६९,१८४,००० | २,५३६,४८८,९९७ | ४९.०७ |
| (ख) | **संघ सरकारबाट प्राप्त अनुदान** | १४,१०४,०००,००० | ७,२२५,३४९,६०० | ५१ |
| १३३११ | समानीकरण अनुदान | ७,६२२,५००,००० | ४,१९२,३७५,००० | ५५ |
| १३३१२ | सशर्त अनुदान चालु | २,२१९,३००,००० | २,२१७,९७४,६०० | १०० |
| १३३१३ | सशर्त अनुदान पूँजी | २,७२२,२००,००० | - | - |
| १३३१४ | विशेष अनुदान चालु | ९०,०००,००० | ९०,०००,००० | १०० |
| १३३१५ | विशेष अनुदान पूँजी | ६१०,०००,००० | ३०५,०००,००० | ५० |
| १३३१६ | समपुरक अनुदान चालु | ८४०,०००,००० | - | - |
| १३३१७ | समपुरक अनुदान पूँजी | - | ४२०,०००,००० | |
| (ग) | **संघ सरकारबाट प्राप्त राजस्व** | ९,०५३,२००,००० | ५,३०७,२३४,००१ | ५९ |
| ११४११ | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ७,२४२,५६०,००० | ४,०४५,००९,४५४ | ५६ |

| सि.नं. | शिर्षक | वार्षिक लक्ष्य | चैत्रसम्मको प्राप्ती | प्रतिशत |
| --- | --- | --- | --- | --- |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तशुल्क | १,८१०,६४०,००० | १,२६२,२२४,५४६ | ७० |
| (घ) | **नेपाल सरकारबाट प्राप्त रोयल्टी** | ४००,८१६,००० | ३४४,११५,३३७ | ८६ |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ६२,४६५,००० | ४२,६३३,८१३ | ६८ |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ८४४,००० | २,१४६,९८१ | २५४ |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०,००० | - | - |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३२८,३३९,००० | २७७,९४९,५८१ | ८५ |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ९,१५८,००० | २१,३८४,९६२ | २३४ |
| (ङ) | **जम्मा** | **२८,७२७,२००,०००** | **१५,४१३,१८७,९३५** | **५३.६५** |
| **३२१२१** | **गत वर्षको नगद मौज्दात** | ३,०००,०००,००० | २,३३५,३०२,०५६ | ७७.८४ |
| | **राजस्व बाँडफाँट (-)** | -८००,०००,००० | ६३९,२४१,७९७ | - ७९.९१ |
| | **ऋण** | १,७००,०००,००० | - | - |
| | **आन्तरिक ऋण** | **१,७००,०००,०००** | - | - |
| | **नेपाल सरकारबाट प्राप्त हुने ऋण** | - | - | - |
| | **प्रदेश संचित कोषमा दाखिला हुने** | **३३,४२७,२००,०००** | **१७,७४८,४८९,९९१** | **५३.१०** |

***स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय,गण्डकी प्रदेश।***

### ख) राजस्व परिचालनको अवस्था

| शिर्षक नं | शिर्षक | वार्षिक लक्ष्य | २०८० चैत्र महिनासम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| ११९३६ | कृषि आयमा कर | ५००,००० | - | - |
| ११३१५ | घर जग्गा लगायतको रजिष्ट्रेशन दस्तुर | १,१००,०००,००० | ४२३,९९६,३२२.६६ | ३९ |
| ११४११ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७,२४२,५६०,००० | ४,०४५,००९,४५४.४८ | ५६ |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क | १,८१०,६४०,००० | १,२६२,२२४,५४६.०५ | ७० |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ५,०००,००० | २,९९८,३०६.८० | ६० |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ३,०००,००० | ९६९,१९६.०० | ३२ |
| ११४७९ | अन्य मनोरञ्जन कर | १००,००० | ९६६१९६ | ९६६ |
| १३३११ | समानीकरण अनुदान | ७,६२२,५००,००० | ४,१९२,३७५,०००.०० | ५५ |
| १३३१२ | सशर्त अनुदान चालु | २,२१९,३००,००० | २,२१७,९७४,६००.०० | १०० |
| १३३१३ | सशर्त अनुदान पूँजीगत | २,७२२,२००,००० | - | - |
| १३३१४ | विशेष अनुदान चालु | ९०,०००,००० | ९०००००० | १०० |
| १३३१५ | विशेष अनुदान पूँजी | ६१०,०००,००० | ३०५०००००० | ५० |
| १३३१६ | समपुरक अनुदान चालु | ८४०,०००,००० | | - |
| १३३१७ | समपुरक अनुदान पूँजी | - | ४२०००००० | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १०,०००,००० | १३,७१०,०००.०० | १३७ |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन रोयल्टी | ६२,४६५,००० | ४२,६३३,८१२.७९ | ६८ |
| १४१५४ | बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ८४४,००० | २,१४६,९८०.६१ | २५४ |
| १४१५५ | बाँडफाँट भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | १०,००० | - | - |
| १४१५६ | बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ३२८,३३९,००० | २७७,९४९,५८१.१२ | ८५ |

| शिर्षक नं | शिर्षक | वार्षिक लक्ष्य | २०८० चैत्र महिनासम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| १४१५७ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त आय | २१४,५७४,००० | ६६,२८८,८९३.८६ | ३१ |
| १४१५८ | बाँडफाँट भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | ९,१५८,००० | २१,३८४,९६२.४२ | २३४ |
| १४१९१ | पर्यटन शुल्क | २००,००० | २१३८४९६२.४२ | १०,६९२ |
| १४१९२ | पदयात्रा | १,०००,००० | ३३७,०००.०० | ३४ |
| १४२११ | कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | १,०००,००० | ५०९,१२५.०० | ५१ |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | २,६००,००० | ६०५,५५२.०० | २३ |
| १४२१३ | अन्य बिकीबाट प्राप्त रकम | ४,०००,००० | १२०,३६५.०० | ३ |
| १४२१८ | विद्युत सेवा शुल्क | १०,००० | ० | - |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १०,०००,००० | ० | - |
| १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | १,३००,००० | ९४६,४००.०० | ७३ |
| १४२२४ | परिक्षा शुल्क | ३५,०००,००० | ११५,२७३,२००.०० | ३२९ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | १००,०००,००० | ५०,७२९,५३१.०० | ५१ |
| १४२२९ | अन्य प्रशासनिक सेवाशुल्क | ५००,०००,००० | २३३,३७८,७३८.०० | ४७ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८०,०००,००० | २४,२६०,९११.०० | ३० |
| १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ६५०,०००,००० | ३४०,१४६,०६९.०० | ५२ |
| १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५००,००० | २१५,०००.०० | ४३ |
| १४२६४ | वन क्षेत्रको अन्य आय | २५०,०००,००० | १२,६४८,३०५.१७ | ५ |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | २००,००० | | - |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३०,०००,००० | ४५,४४५,९६०.५२ | १५१ |
| १४३१३ | धरौटी सदरस्याहा | ५,०००,००० | २२५,०००.०० | ५ |
| १४५२९ | अन्य राजस्व | २०,०००,००० | १६,०७८,९५३.५० | ८० |
| १५१११ | बेरुजु | ८५८,०००,००० | १६९,२०९,१२७.७८ | २० |
| १५११२ | निकासा फिर्ता | १७,२००,००० | १५,२२६,५००.७० | ८९ |
| १५११३ | अनुदान फिर्ता | ७०,०००,००० | १९,९२४,५७३.७५ | २८ |
| ३३३४१ | सवारी साधन कर | २,०००,०००,००० | १,५९८,१०४,४९४.०० | ८० |
| ३२१२१ | गत बर्षको नगद मौज्दात | ३,०००,०००,००० | २,३३५,३०२,०५६ | ७८ |
| | **जम्मा** | **३२,५२७,२००,०००** | १९,६०७,५३३,५३४ | ६० |
| | **राजस्व बाँडफाँट (-)** | (८००,०००,०००) | ६३९,२४१,७९७ | (८०) |
| | **आन्तरिक ऋण** | १,७००,०००,००० | - | |

| शिर्षक नं | शिर्षक | वार्षिक लक्ष्य | २०८० चैत्र महिनासम्मको प्राप्ती | प्रतिशत |
|---|---|---|---|---|
| | नेपाल सरकारबाट प्राप्त हुने ऋण | - | | |
| | कुल जम्मा | ३३,४२७,२००,००० | १८,९६८,२९१,७३७ | ५७ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय,गण्डकी प्रदेश।*

१३.२ बार्षिक बजेट र खर्च विवरण

क. मन्त्रालयको बार्षिक बजेट र खर्च विवरण:

रकम रु. हजारमा

| क्र.सं. | बजेटको किसिम | विनियोजन | खर्च | प्रगति |
|---|---|---|---|---|
| १. | चालु | १४२८७८ | ३७७५९ | २६.४३ |
| २. | पुँजीगत | ८७०० | १६०१ | १८.४१ |
| | **जम्मा** | **१५१५७८** | **३९३६०** | **२५.९७** |

## १४. तोकिए बमोजिमका अन्य विवरण

क. समग्र प्रदेशको बजेट विनियोजन र खर्च विवरण :

रकम रू. हजारमा

| सि.नं. | वर्गीकरण | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | १२७३६७३८ | ४६३६९३७ | ४१ |
| २. | पुँजीगत | २०१९०४६२ | ५८९४०१९ | २९.१९ |
| ३ | वित्तीय व्यवस्था | ५००००० | ० | ० |
| | **जम्मा** | **३३४२७२००** | **१०५३०९५८** | **३१.५** |

ख .स्थानीय तहमा राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको विवरण:

रकम रू. हजारमा

| क्र.सं. | अनुदानको किसिम | विनियोजन | हस्तान्तरण | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | वित्तीय समानीकरण अनुदान | ११६०००० | ८२८००७ | ७१.३८ |
| २. | सशर्त अनुदान | २४४५०० | ११४६४० | ४६.८९ |
| ३. | विशेष अनुदान | १९२००० | ७५६९३ | ३९.४२ |
| ४. | समपूरक अनुदान | ५०९००० | २२६११७ | ४४.४२ |
| ६. | प्रशासनिक भवन निर्माण | १५०००० | ० | ० |
| | **जम्मा** | **२१०५५००** | **१२४४४५७** | **५९.११** |
| | सवारी साधन कर बाँडफाँट | ८००००० | ६३९२४१ | ८० |

## १५. सार्वजनिक निकायको वेभसाइट

यस मन्त्रालयको वेभसाइट mof.gandaki.gov.np रहेको छ ।

## १६. मन्त्रालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवाली

सबै सूचना खुला रहेको ।

## १७. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदन

माग भएको र उपलब्ध गराएको सूचनाको संख्या- यस अवधिमा १ पटक

## १८. मन्त्रालयले गरेको प्रकाशनको विवरण

- विनियोजन विधेयक - २०८० सिद्धान्त र प्राथमिकता,
- आ.व. २०८०/८१ को व्यय अनुमानको विवरण,
- वार्षिक विकास कार्यक्रम आर्थिक वर्ष २०८०/८१,
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८०,
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८०,
- मन्त्रालयगत प्रगति विवरण आ.व. २०७९/८०,
- आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य,
- प्रदेश आर्थिक सर्वेक्षण २०७९/८०,
- आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको वार्षिक मुल्याङ्कन प्रतिवेदन,
- आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन,
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ (चौथो संशोधन-२०८० सहित),
- गण्डकी प्रदेश आन्तरिक लेखापरीक्षण निर्देशिका,२०८०,
- बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८० ।

प्रस्तुत विवरण मन्त्रालयको वेभसाइट **mof.gandaki.gov.np** मा हेर्न सकिने छ ।